# सार्वजनिक शौचालय निर्माणसम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

# **सार्वजनिक शौचालय निर्माणसम्बन्धी कार्यविधि, २०७५**

**प्रस्तावना:**गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक कार्यक्रमको बुँदा नं. ६ मा समावेश भए बमोजिम नगरपालिकाको सहलगानीमा सार्वजनिक शौचालय निर्माण सम्बन्धी कार्य गर्न गराउन वाञ्छनिय भएको हुनालेयस कार्यविधि जारी गरिएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**

1) यस कार्यविधिको नाम "सार्वजनिक शौचालय निर्माण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।
2) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ ।
3) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ..

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।
ख) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिकालाई सम्झनु पर्छ ।
ग) "डिभिजन कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका डिभिजन कार्यालय सम्झनु पर्छ र सो शब्दले सब-डिभिजन कार्यालयलाई पनि जनाउँदछ ।

**३. <u>जग्गा प्राप्ती सम्बन्धमा</u>**

1) सार्वजनिक शौचालय निर्माण गर्दा सो सार्वजनिक शौचालयलाई आवश्यक पर्ने जग्गा नगरपालिकाले नै उपलब्ध गराउनुपर्नेछ ।
2) उपदफा (१) बमोजिम नगरपालिकालाइ आवश्यक पर्ने जग्गा स्थानीय व्यक्ती वा संघसस्थाले पनि उपलब्ध गराउन सक्नेछन् ।

**४.<u>सहलगानी सम्बन्धमा</u>**

1) सार्वजनिक शौचालय निर्माण गर्नको लागि कूल लागत अनुमानको कम्तिमा ४० प्रतिशत रकम नगरपालिकाले व्यहोर्नुपर्नेछ र बाँकी रकम मन्त्रालयले व्यहोर्नेछ।
2) उपदफा (१) बमोजिम नगरपालिकाले व्यहोर्ने रकम आवश्यक पर्ने जग्गा व्यक्ती वा संघ संस्थाले चाहेको खण्डमा अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछन् ।

**५.<u>जग्गाको क्षेत्रफल</u>**

1) सार्वजनिक शौचालय निर्माणका लागी नगरपालिकाले आवश्यकता अनुसारको जग्गा उपलब्ध गराउनुपर्नेछ ।

**६.<u>आवश्यक कागजात पेश गर्ने</u>**

1) सार्वजनिक शौचालय निर्माणका लागी नगरपालिकाले निम्नलिखित कागजातहरु मन्त्रालय वा डिभिजन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

   क) उपलब्ध गराउने जग्गा वा स्थान सम्बन्धी नगरपालिकाको निर्णय,

   ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,

   ग) नापी नक्साको प्रतिलिपी,

**७.<u>सार्वजनिक शौचालयको निर्माण</u>**

1) सार्वजनिक शौचालयको निर्माण गर्नको लागि शौचालयको ड्रइङ डिजाइन, लागत अनुमान र स्पेशिकेशन सहितको विस्तृत परियोजना प्रतिवेदन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।
2) सार्वजनिक शौचालय निर्माण गर्ने विधि ठेक्का प्रक्रियाबाट मात्र गर्नुपर्नेछ ।
3) सार्वजनिक शौचालयको निर्माण कार्य, सुपरभिजन र मूल्यांकन नगरपालिकाबाट हुनेछ ।
4) सार्वजनिक शौचालयको निर्माण कार्यको अनुगमन तथा मूल्यांकन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।
5) निर्माण कार्य एक आर्थिक बर्ष भित्र सम्पन्न गर्नु पर्नेछ । उक्त समय भित्र कार्य सम्पन्न नभएमा मन्त्रालयले बाँकी कामको आर्थिक दायित्व बहन गर्नेछैन ।

**८. <u>भुक्तानी प्रक्रिया</u>**

1) मन्त्रालयले आफ्नो दायित्वको रकम विलको अनुपातको आधारमा सोधभर्ना बिधिबाट उपलब्ध गराउनेछ ।
2) निर्माण व्यवसायीसँग सम्झौता भइसकेपछि सो सम्झौता मन्त्रालय वा मन्त्रालय अन्तर्गत डिभिजन कार्यालयमा पठाउनुपर्नेछ ।
3) नगरपालिकाबाट भूक्तानी गरिएको वा भुक्तानीको लागि प्रमाणित बिलको प्रतिलिपी सहित रकम माग गर्नुपर्नेछ ।
4) रकम दिनु भन्दा अगाडि मन्त्रालय वा डिभिजन कार्यालयले निर्माण कार्यको अनुगमन गर्न सक्नेछ ।
5) नगरपालिकाले रकम माग गरेको मितिबाट १५ दिन भित्र मन्त्रालय वा डिभिजन कार्यालयले सो माग गरिएको रकम दिनुपर्नेछ ।
6) नगरपालिकाले भूक्तानीको लागि असार १५ गते भन्दा अगाडि नै रकम माग गरि सक्नुपर्नेछ ।

**९.<u>निर्माण सहजिकरण समिति</u>**

१) सार्वजनिक शौचालय निर्माण गर्दा आइपरेका समस्या समाधान गर्नका लागि एक निर्माण सहजिकरण समिति गठन गरिनेछ ।

२) उपदफा १ बमोजिमको निर्माण सहजिकरण समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

   क) नगरपालिकाको प्रमुख वा निजले तोकेको १ जना कार्यपालिकाको सदस्य - संयोजक

ख) सम्बन्धीत वडाको वडाध्यक्ष - सदस्य

ग) नगरपालिकाको प्राविधिक शाखा प्रमुख -सदस्य

**10. हस्तान्तरण विधि**

1) सार्वजनिक शौचालय निर्माण सम्पन्न पश्चात स्वत: नगरपालिकाको स्वामित्वमा रहनेछ ।

2) सार्वजनिक शौचालयको रेखदेख, सम्भार, सञ्चालन र उपयोग सम्बन्धी सम्पूर्ण कार्य नगरपालिकाको हुनेछ ।

**११. थपघट तथा हेरफेर**

1) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१२. बाधा अड्काउ फुकाउ**

1) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ ।